# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY

Kaski, Nepal

चलानी नं.:/Ref. No. २०६३/०८०

मिति : २०७९/०८/२६

**पोखरा विश्वविद्यालय स्नातक तह (विज्ञान तथा प्रविधि संकाय समूह-क, विज्ञान तथा प्रविधि संकाय समूह-ख, व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय) छात्रवृत्तिको विभिन्न कार्यक्रममा छनौंट भएका उम्मेदवारहरु सम्बन्धित शैक्षिक संस्थामा भर्ना हुनकालागि पत्र बुझ्न् आउने र B.A.LL.B. कार्यक्रमको Pass List प्रकाशित सम्बन्धि सूचना !**

(क) पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९ बाट मिति २०७९/०६/२८ र २९ गते लिएको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय छात्रवृत्ति छनौंट प्रवेश परीक्षामा भाग लिएका उम्मेदवारहरुको मिति २०७९/०८/२० गते नियमानुसार समितिबाट प्रकाशित **Scholarship Awarded List** का सम्बन्धमा अस्पष्ट भएमा मिति २०७९/०८/२२ गतेसम्म दावीविरोधकालागि लिखित निवेदन माग गरिएकोले प्राप्त हुन आएका निवेदनहरुको छानविन र अध्ययन गर्दा विज्ञान तथा प्रविधि संकाय समूह-(क) मा संलग्न बमोजिम हुनेगरी **Scholarship Awarded List-Revised** हुन गएको र अन्य **Scholarship Awarded List** यथावत नै कायम रहन गएको व्यहोरा सम्बन्धित सबैको जानकारीकोलागि अनुरोध गरिन्छ ।

(ख) पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्तिको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय छात्रवृत्तिको विभिन्न कार्यक्रममा छनौंट भएका उम्मेदवारहरु सम्बन्धित शैक्षिक संस्थामा भर्ना हुनकालागि देहायको मिति र स्थानमा पत्र बुझ्न् आउन यसै सूचनाद्धारा सूसुचित गरिन्छ । पत्र लिन आउने उम्मेदवारहरुले आफ्नो परिचय खुल्ने परिचय पत्र लिइ आउनुपर्नेछ । सम्बन्धित उम्मेदवार कुनै कारणवस आफु उपस्थित हुन नसकेमा निजले पठाएको व्यक्तिले स्वयंको र छात्रवृत्ति प्राप्त गर्ने उम्मेदवार दुवैको परिचय खुल्ने परिचय पत्र लिइ आउनुपर्ने छ ।

| सि.नं. | संकाय | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | विज्ञान तथा प्रविधि समूह-(क) | २०७९/०९/०३ | दिनको ११:०० बजे देखि | पो.वि.केन्द्रिय कार्यालय |
| २ | विज्ञान तथा प्रविधि समूह-(ख) | | | |
| ३ | व्यवस्थापन | २०७९/०९/०४ | दिनको ११:०० बजे देखि | पो.वि.केन्द्रिय कार्यालय |
| ४ | मानविकी तथा सामाजिक शास्त्र | | | |

(ग) पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९ बाट कक्षा ११ उत्तिर्ण भएका र कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ बमोजिम Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.) छनौंट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०७९/०८/०१ गतेदेखि मिति २०७९/०८/१५ गतेसम्म अनलाईन दरखास्त फाराम भराई मिति २०७९/०८/२४ गते लिएको B.A.LL.B. कार्यक्रमको परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि (Pass List) प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यसै सूचनाद्धारा अनुरोध गरिन्छ । उत्तिर्ण सूचिमा समावेश भएका उम्मेदवारहरुले अनलाईन फाराम भर्दा Transcript and Character Certificate upload गरेको छैन भने मिति २०७९/०८/२९ गतेभित्र अनिवार्य रुपले Transcript and Character Certificate upload गर्नुहुन समेत यसै सूचनाद्धारा सूसुचित गरिन्छ । साथै प्रकाशित उत्तिर्ण सूचिमा नाम थर, लिङ्ग, ठेगाना, कोटा र स्कूल टाइपमा चित्त नबुझेमा मिति २०७९/०८/२९ गतेभित्र **puscholarship@pu.edu.np** मा लिखित निवेदन दिई दावीविरोध गर्न सकिनेछ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९